अनुसूची २

(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्वन्धित)


बारबर्दिया नगरपालिकाद्वारा प्रकाशित

# बारबर्दिया राजपत्र

भाग-२

खण्ड:७ संख्या:१३ मिति: २०८०/१२/३०


## बारबर्दिया नगरपालिकाका वन्यजन्तु प्रभावित समुदायका लागि जीविकोपार्जन सुधार घुम्ती कोष परिचालन कार्यविधि, २०८०

बारबर्दिया नगरपालिका क्षेत्र भित्र बसोबास भएका वन्यजन्तुबाट प्रभावित जन समुदायको जीविकोपार्जन सुधारको लागि समुदायका सदस्यहरुकै सकृयतामा बचत संकलन र परिचालन गरी गाँउ घरमै आयमुलक कार्यक्रम र साना उद्यम तथा हरित उद्यम व्यवसाय संचालन गर्न जम्मा भएको रकम सदुपयोग गरी कोष वृद्धि गर्न र वीउ पुजीको रुपमा प्राप्त अनुदान तथा सहयोगको संरक्षण, व्यवस्थापन र परिचालनगरी सहभागी सदस्यहरुको आर्थिक, सामाजिक तथा शैक्षिक क्षमता तथा दक्षता अभिवृद्धि गरी आधारभुत आवश्यकता परिपुर्ति गर्नका लागि जीविकोपार्जन सुधार घुम्तीकोष स्थापना र परिचालन गर्न बांछनिय भएकोले स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ र बारबर्दिया नगरपालिकाको प्रशासकीय कार्यबिधी नियमित गर्ने ऐन २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी बारबर्दिया नगरपालिकाले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

बारबर्दिया नगरपालिका नगरकार्यपालिकाको कार्यालय जमनगर, बर्दिया लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यो कार्यविधिको नाम "बारबर्दिया नगरपालिकाका बारबर्दिया नगरपालिकाका वन्यजन्तु प्रभावित समुदायका लागि जीविकोपार्जन सुधार घुम्ती कोष परिचालन कार्यविधि २०८० हुनेछ।

(२) यो कार्यविधि बारबर्दिया नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

## परिच्छेद-२
## परिभाषा

२. परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "घुम्ती कोष " भन्नाले यस कार्यविधि अनुसार समुदायमा स्थापना भएको वित्तीय कोषलाई जनाउदँछ ।

(ख) "घुम्ती कोष अनुदान" भन्नाले बुँदा (क) बमोजिम स्थापित घुम्ती कोष स्थापनाको लागि नेपाल सरकार /नगरपालिका/गैर सरकारी संघसंस्था वा अन्य निकायबाट पाउने नगद अनुदानलाई सम्झनु पर्दछ ।

(ग) "घुम्ती कोष संचालक" भन्नाले घुम्ती कोष संचालन गर्ने वैधानिक समूहलाई जनाउँदछ ।

(घ) "नगरपालिका" भन्नाले बारबर्दिया नगरपालिकालाई जनाउँदछ ।

(ङ) "सभा" भन्नाले बारबर्दिया नगरपालिकाको नगरसभालाई सम्झनुपर्छ ।

(च) " प्रमुख" भन्नाले नगरपालिकाको प्रमुखलाई सम्झनुपर्छ ।

(छ) "उप प्रमुख" भन्नाले नगरपालिकाको उपप्रमुखलाई सम्झनुपर्छ ।

(ज) "कार्यपालिका" भन्नाले बारबर्दिया नगरपालिकाको नगर कार्यपालिकलाई सम्झनुपर्छ ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बारबर्दिया नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउदछ ।

(ञ) "वडा" भन्नाले बारबर्दिया नगरपालिका अन्तर्गतका वडा कार्यसमितिको कार्यालयलाई जनाउदछ ।

(ट) "विधान" भन्नाले अनुसुची-३ बमोजिम तयार पारिएको घुम्ती कोष संचालकको प्रमाणित मूल कानून वा विनियमलाई जनाउँदछ ।

## परिच्छेद-३
## उद्देश्य

३. उद्देश्यहरुः

(१) यस घुम्ती कोष स्थापनाका उदेश्यहरु देहाय बमोजिम रहेका छन् ।

(क) समुदायमा रहेका वन्यजन्तुबाट प्रभावित परिवारका सदस्यहरुलाई प्राथमिकता दिई जीविकोपार्जन र आयआर्जन गर्नको लागि समूह गठन गरी सहभागितामूलक बचत संकलन गर्ने ।

बारबर्दिया नगरपालिका नगरकार्यपालिकाको कार्यालय जयनगर, बर्दिया लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख



CamScanner

(ख) संकलित बचतको परिचालन गरेर आयमुलक कार्यक्रम र हरित उद्यम संचालनका लागि सहुलियत ब्याज दरमा ऋण प्रवाह गरेर आधारभूत आवश्यकता परिपूर्ति गर्न सक्ने अवस्था सृजना गर्ने ।

(ग) वन्यजन्तु प्रभावित समुदायको आयआर्जनका लागि लगानीको सुनिश्चितता गर्न घुम्ती कोष स्थापना गर्न सहयोग गर्ने ।

(घ) स्थानिय स्तरमा स्वरोजगारको अवसर सिर्जना गर्ने ।

## परिच्छेद ४

## घुम्ती कोष संचालन

**४. घुम्ती कोष संचालक समूहको व्यवस्थाः**

(क) घुम्ती कोष संचालन गर्नका समुह दर्ताका लागि बारबर्दिया नगरपालिका भित्र कुनै गाउँ टोलमा समूह गठन गरी नगरपालिकामा अनुसुचि -१ बमोजिम निवेदन सहित प्रमाणित विधान पेश गर्नुपर्नेछ ।

(ख) पेश हुन आएको निवेदन उपर छानविन गरि नगरपालिकाले अनुसूची -२ बमोजिमको दर्ता प्रमाणपत्र उपलब्ध गराउनुपर्नेछ ।

(ग) समूह दर्ता गर्न अनुसूची-३ बमोजिमको ढाँचामा समुहको विधान सहित संचालक समिति गठन गर्नु पर्ने छ ।

(घ) संचालक समितिको मुख्य पद अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तीमा १ जना महिला र जम्मा सदस्यको ३३ प्रतिशत महिला सदस्य सहित कुल ११ जना सदस्य भएको समिति गठन गर्नुपर्नेछ ।

(ङ) समुदायका सदस्यहरुवाट मासिक बचतमा उठेको रकम र अन्य विविध निकायहरु वाट प्राप्त अनुदान रकम समेत सोही खातामा जम्मा गरिनेछ ।

(च) कोष परिचालनको क्रममा प्राप्त ब्याज रकम वा अन्य थप रकम जम्मा गरेर कोषलाई वृदि गरिदै लगिने छ ।

(छ) कोषको संचालन व्यवस्थापन घुम्ती कोष संचालक समूह स्वयंले गर्नेछ ।

(ज) घुम्ती कोषको संचालन वैकिङ कारोवार मार्फत गरिने छ ।

(झ) समूहले कोषको हिसाव कितावमा पारदर्शिता ल्याउन बैंक खाता तथा ऋणीहरुको खाता तयार गर्नेछ ।

(ञ) कोषको हिसाब कितावको विवरण प्रत्येक महिना तयार पारिने छ ।

(ट) वार्षिक रुपमा लेखा परिक्षण दर्तावाल लेखा परिक्षक वाट गराईने छ ।

(ठ) बढि भन्दा बढि समुदायका मानिसहरुलाई फाईदा पुग्ने गरी कोषको परिचालन गरिनु पर्नेछ ।

**५. घुम्ती कोषको लगानीको क्षेत्रः**

(१) दफा ४ अनुसार स्थापना गरिएको घुम्ती कोष देहाय बमोजिममा क्षेत्रमा लगानी तथा परिचालन गरिनेछ ।

(क) सहभागितामुलक सम्पन्नता स्तरिकरण गरेर वन्यजन्तुबाट प्रभावित समुदायलाई प्राथमिकतामा राखी सहुलियत ऋण उपलब्ध गराइनेछ ।

(ख) घुम्ती कोषबाट सहुलियत ऋण लिएका व्यक्तिले निम्न पेशा व्यवशायमा लगानी गर्नसक्नेछनः

(अ) साना उद्यम तथा हरित उद्यम व्यवसाय संचालन ।

(आ) तरकारी, फलफुलमा आधारित आयआर्जनमूलक कार्यक्रम संचालन ।

(इ) कृषि तथा पशुपालन व्यवसाय ।

बारबर्दिया नगरपालिका नगरकार्यपालिकाको कार्यालय जयनगर, बर्दिया लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख



CamScanner

(ई) हरित उद्यममा आधारित कोशेली घर संचालन ।

(उ) अन्य आयआर्जन दिने खालका बिविध योजना

६. घुम्ती कोष अनुदानः

(१) घुम्ती कोष संचालकले आफ्नो घुम्ती कोष स्थापना र बृद्धि गर्नको लागि संघीय सरकार, प्रदेश सरकार, नगरपालिका, वडा कार्यालय, अन्य निकाय वा गैर सरकारी संघ संस्थाबाट अनुदान लिन सक्नेछ ।

(क) यसरी अनुदान प्राप्त रकम कोषमा जम्मा गर्नुपर्नेछ ।

(ख) कोषमा जम्मा भएको रकम निर्णय गरेर मात्र खर्च गर्नुपर्नेछ ।

७. घुम्ती कोष परिचालनका लागि नीति नियमहरुः

(क) घुम्ती कोष परिचालन गर्दा घुम्ती कोष संचालकले घुम्ती कोषबाट परिचालन हुने ऋणको सिमा, ब्याजदर, किस्ता भुक्तानी, लगानी, असुल उपर आदि कुरा समेटी आवश्यक नियम बनाई दुई तिहाई सदस्य बाट अनुमोदन गराएर मात्र परिचालन गर्नु पर्नेछ ।

(ख) घुम्ती कोषको परिचालन दफा ५ बमोजिमको क्षेत्रमा सदस्यको माँग, आवश्यक्ता, क्षमता, काम गर्ने ठाउको अवस्थिति आदि लाई आधार मानेर गर्नुपर्नेछ

(ग) कोषवाट ऋण प्रवाह गर्दा पहिलो चरणमा वन्यजन्तुबाट पीडित परिवारका सदस्यहरुलाई प्राथमिकता दिने छ । त्यसपछि बिपन्न बर्गलाई पालै पालो प्राथमिकता आधारमा ऋण उपलब्ध गराइनेछ ।

(घ) लगानी भएको कोषको रकम कामको प्रकृति हेरेर त्रैमासिक किस्ता फिर्ता गर्नु पर्नेछ ।ऋण परिचालनको क्रममा किस्ता भुक्तानी प्रकृया र रकम तय गरिनेछ ।

(ङ) कोषको रकम परिचालन घुम्ती कोष संचालकको सामुहिक जिम्मेवारीमा गरिने छ ।

(च) घुम्ती कोष परिचालनका लागि घुम्ती कोष संचालक अन्तर्गत बिषयगत उप- समिति गठन गर्न सक्नेछ ।जस्तैः बाखा पाल्ने सदस्यहरुको विषयगत समिति, सिलाई कटाई सिक्ने सदस्यहरुको बिषयगत उपसमिति आदि ।

(छ) घुम्ती कोष संचालक वा सम्बन्धित सदस्यले घुम्ती कोष दुरुपयोग, हिनामिना, कुनै लापर्बाही वा अन्य नियम बिपरित कार्य गर्न पाउने छैन ।

(ज) सो सम्बन्धि उजुरी परेमा छानबिन गर्दा दुरुपयोग, हिनामिना, लापर्वाही भएको पाईएमा हिनामिना बिगो र सोही बराबरको जरिवाना समेत गरी नगरपालिकाबाट असुल उपर गरिनेछ ।

८. घुम्ती कोषको परिचालन विधि

(क) घुम्ती कोषवाट सहुलियत ब्याज दरमा सहयोग लिनका लागि कुनैपनि सदस्यले आफुले गर्न चाहेको काम / व्यवसाय र आवश्यक रकम स्पष्ट लेखी समूहमा निवेदन दिनु पर्ने छ ।

(ख) निवेदनमा त्यो काम कसरी संचालन गरिन्छ र कति समयमा के कति फाईदा हुन्छ, उल्लेख गर्नु पर्नेछ ।

(ग) घुम्ती कोष संचालकले सदस्यहरुवाट प्राप्त निवेदनमा आवश्यक छलफल पछि समुहको सहयोगमा व्यवसायिक योजना तयार गर्नु पर्नेछ ।

(घ) सोही व्यवसायिक योजना अनुसार सहुलियत ब्याज दरमा ऋण प्रदान गर्ने निर्णय गर्नेछ ।

बारबर्दिया नगरपालिका नगरकार्यपालिकाको कार्यालय गुलरिया(?), बर्दिया लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख



CamScanner

(ङ) माँगको आधारमा उक्त सदस्यले काम गर्न सक्ने, नसक्ने ठहर घुम्ती कोष संचालनको वैठकले गर्नुपर्ने छ ।

(च) साथै वैठकले सदस्यको कार्यशैली, क्षमता र घुम्ती कोष परिचालन नियमका आधारमा सहुलियत ऋण उपलब्ध गराउने वा नगराउने निर्णय गर्न सक्नेछ ।

(छ) घुम्ती कोषबाट सहुलियत ऋण परिचालन गर्ने निश्चित भएर सवै प्रकृया पुरा गरे पछि कवुलियत नामा तयार पारि कम्तिमा २ जना सदस्यहरु लाई साक्षी राखी घुम्ती कोष संचालक र ऋण माग गर्ने व्यक्ति बिच सही छाप गराई रकम उपलव्ध गराउनु पर्नेछ ।

(ज) घुम्ती कोष परिचालनको भुक्तानी वैंक वाट मात्र गरिनेछ ।

९. चक्रिय ऋण लगानी विधिः

(क) घुम्ती कोषको रकम लिएको सदस्यहरुले सम्झौता वा कवुलियतनामा अनुसार भुक्तानी गर्नुपर्ने छ । यसरी रकम प्राप्त भएपछि घुम्तीकोष संचालकले रकम असुली भरपाई दिनुपर्ने छ ।

(ख) घुम्ती कोष संचालकका सदस्यहरुमा सम्पन्नता स्तरीकरण विवरण अनुरुप प्राथमिकताको आधारमा ऋण लगानी गरिनेछ । कुनै सदस्य ऋण लिनु ईच्छुक नभएमा निजबाट सो सम्बन्धि निवेदन लिई प्राथमिकताको आधारमा चक्रिय प्रणाली अनुसार अन्य सदस्यमा लगानी गर्नु पर्नेछ ।

(ग) सदस्यहरुवाट प्राप्त भएको रकम ७ दिन भित्र वैंक दाखिला गर्नुपर्ने छ । वैंकवाट ६/६ महिनामा कारोवार विवरण लिएर आफ्नो वैंक खातासंग अध्यावधिक गर्नुपर्नेछ ।

(घ) संचालकले बार्षिक रुपमा आर्थिक विवरण तयार पार्नु पर्नेछ ।

(ङ) घुम्ती कोषबाट ऋण परिचालन गरी भएका काम र खर्चको बार्षिक रुपमा सार्वजनिक सामुदायिक लेखा परिक्षण गराउनु पर्छ ।

## परिच्छेद ३
## विवाद समाधान

१०. विवादको समाधानः

(१) यस कार्यविधि अन्तर्गत स्थापना गरिएको घुम्ती कोष स्थापना, परिचालन, व्यवस्थापन सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा पक्षहरूले आपसी वार्ताबाट त्यस्ता विवादहरू समाधान गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम वार्ताबाट विवाद समाधान हुन नसकेमा पक्षहरुले प्रचलित कानुन बमोजिम स्थानीय न्यायिक समितिमा निवेदन दिनु पर्नेछ ।

## परिच्छेद ४
## अनुगमन तथा अन्य व्यवस्था

११. अनुगमन व्यवस्थाः

घुम्ती कोष स्थापना, परिचालन व्यवस्थापनको अनुगमनको व्यवस्था देहाय वमोजिम हुने छ ।

(क) घुम्ती कोष संचालनको अवस्थाको वारेमा नगरपालिकाका पदाधिकारी, आर्थिक विकास शाखाबाट नियमित अनुगमन तथा मुल्याङ्कन गरिनेछ ।

(ख) घुम्ती कोष संचालन गर्न सहयोगी गर्ने सस्थाले सुपरिवेक्षण तथा अनुगमन गर्नसक्ने छ ।

बारबर्दिया नगरपालिका नगरकार्यपालिकाको कार्यालय जयनगर, बर्दिया लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख



CamScanner

(ग) घुम्ती कोषबाट सहुलियत ऋण प्रदान गरिएका ऋणी र निजहरुले संचालन गरेका उद्यमको बारेमा घुम्ती कोष संचालकले प्रत्येक तिन महिनामा आर्थिक विकास शाखामा प्रगति प्रतिवेदन उपलब्ध गराउनु पर्नेछ ।

(घ) अनुगमनको क्रममा अनुदान प्राप्त घुम्ती कोषको रकम प्रभावकारी रुपमा सदुपयोग नभएको पाईएमा घुम्तीकोष संचालकलाई उपलब्ध गराएको रकम बैंक रोक्का गर्न सक्नेछ ।

**१२. कार्यबिधिको परिमार्जन:**

अनुगमन तथा मुल्याङ्कन र अनुभबको आधारमा नगर कार्यपालिकाले यस कार्यबिधिमा आवश्यकता अनुसार पुनरावलोकन, संशोधन वा परिमार्जन गर्न सक्नेछ ।

**१३. अन्य कुरा:**

यस कार्यविधिमा सम्पूर्ण कुरा यसै बमोजिम, अन्य कुरा प्रचलित कानून बमोजिम हुनेछ ।

**१४. बाधा अड्काउ फुकाउने:**

यो कार्यविधि कार्यान्वयन गर्ने क्रममा कुनै बाधा अड्चन उत्पन्न भएमा नगर कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

**१५. अन्तिम व्याख्या**

यस कार्यविधिको कार्यान्वयनमा दुविधा उत्पन्न भएमा नगरपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ ।

**१६. बचाउ तथा खारेजी:**

नगर कार्यपालिकाले यो कार्यविधि खारेजी वा अन्य मनासिब कुरा बचाउ समेत गर्न सक्नेछ ।

नगर प्रमुख

बारबर्दिया नगरपालिका नगरकार्यपालिकाको कार्यालय जयनगर, बर्दिया लुम्बिनी प्रदेश, नेपाल

अनुसूची-१

कार्यविधिको दफा ४ उपदफा (क) संग सम्बन्धित

**<u>समुह दर्ता गर्न नगरपालिकामा पेश गर्ने निवेदनको ढाँचा</u>**

मितिः २०.....।.....।......

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू

बारबर्दिया नगरपालिका

जयनगर, बर्दिया

**विषयः समुह दर्ता गरिदिने सम्बन्धमा ।**

प्रस्तुत विषयमा हामीले "................. समुह" नामक समुह "बारबर्दिया नगरपालिकाको वन्यजन्तु प्रभावित समुदायका लागि जीविकोपार्जन सुधार घुम्ती कोष परिचालन कार्यविधि २०८०" बमोजिम दर्ता गर्न चाहेकोले प्रस्तावित विधानको १ (एक) प्रति, पदाधिकारीहरुको नागरिकताको प्रमाणित प्रतिलिपि १/१ प्रति समेत यसैसाथ संलग्न गरी देहायको विवरण खुलाई निवेदन गरेका छौं । समुह दर्ता गरी पाउँ ।

**विवरण**

१. समुहको नामः "............... समुह "

२. संस्थाको ठेगानाः बारबर्दिया नगरपालिका वडा नं.......... (गाउँ/टोल) बर्दिया ।

३. संस्थाको आर्थिक श्रोतः सहयोग स्वरुप प्राप्त रकम, साधारण सदस्यबाट उठेको रकम

४. समुहका पदाधिकारीको विवरणः

| क्र.स. | नाम, थर | संस्थाको पद | स्थायी ठेगाना | पेशा | कैफियत |
|---|---|---|---|---|---|
| १ | | अध्यक्ष | | | |
| २ | | सचिव | | | |
| ३ | | कोषाध्यक्ष | | | |
| ४ | | सदस्य | | | |
| ५ | | सदस्य | | | |
| ६ | | सदस्य | | | |
| ७ | | सदस्य | | | |
| ८ | | सदस्य | | | |
| ९ | | सदस्य | | | |
| १० | | सदस्य | | | |
| ११ | | सदस्य | | | |

निवेदक

..................

अध्यक्ष

मितिः- २०......।......।........

नगर प्रमुख

अनुसूची-२

कार्यविधिको दफा ४ उपदफा (ख) संग सम्बन्धित

समुहलाई दिने दर्ता प्रमाणपत्रको नमुना

बारबर्दिया नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

जयनगर, बर्दिया

**समुह दर्ता प्रमाण-पत्र**

"बारबर्दिया नगरपालिकाको वन्यजन्तु प्रभावित समुदायका लागि जीविकोपार्जन सुधार घुम्ती कोष परिचालन कार्यविधि २०८०" को दफा ४ उपदफा (ख) बमोजिम बारबर्दिया नगरपालिका वडा नं. ....... स्थित ...................................... मा गठन भएको ...................................................... समुहलाई यस कार्यालयमा मिति ......................................... मा दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ । यस नगरपालिकाको आर्थिक, सामाजिक, साँस्कृतिक तथा भौतिक पुर्वाधार विकास र सुशासन कायम गर्ने क्षेत्रमा यस समुहको सक्रिय सहभागिताको अपेक्षा गर्दछु ।

.................................

समुह दर्ता गर्ने अधिकारी

नामः .....................

प्रमुख प्रशासकीय अधिकृत

बारबर्दिया नगरपालिका

जयनगर, बर्दिया

अनुसूची-३

कार्यविधिको दफा ४ उपदफा (ग) संग सम्बन्धित

<u>समुह दर्ताका लागि समुहले बनाउने विधानको नमुना</u>

## वन्यजन्तु प्रभावित समुदायको जीविकोपार्जन सुधार घुम्ती कोष परिचालन समूहको बिधान

बर्दिया जिल्ला बारबर्दिया नगरनगरपालिका क्षेत्रमा बसोवास गर्ने वन्यजन्तु प्रभावित समुदायको आयआर्जन एवं जीविकोपार्जनकोलागि सानो व्यवसाय र हरित उधम संचालन गर्न सरल, शुलभ प्रकृया र न्यून ब्याज दरमा ऋण उपलब्ध गराउनको लागि बारबर्दिया नगरनगरपालिकाको वन्यजन्तु प्रभावित समुदायका लागि जीविकोपार्जन सुधार घुम्ती कोष परिचालन कार्यविधि २०८० को दफा ४ (ग) मा भएको ब्यवस्था बमोजिम यो बिधान तयार गरिएको छ ।

परिच्छेद-१

प्रारम्भिक

२. संक्षिप्त नाम र प्रारम्भः(१) यो बिधानको नाम "वन्यजन्तु प्रभावित समुदायको जीविकोपार्जन सुधार घुम्ती कोष परिचालन समूह ......(गाउँ/टोल) को बिधान २०८०" हुनेछ ।

(२) यो बिधान बारबर्दिया नगर कार्यनगरपालिकाले स्वीकृत गरेको मिति देखि लागु हुनेछ ।

२ .कार्यालय र छापः)

१ समूहको कार्यालय बर्दिया जिल्ला बारबर्दिया नगरपालिका वडा नं .... ........ गाउँमा रहनेछ ।

२ समूहको आफ्नै आधिकारिक छाप हुनेछ । चारपाटे घेरा भित्र सबै भन्दामाथि जिविकोपार्जन सुधार घुम्ती कोष "त्यसको तलपट्टि ठेगाना" बारबर्दिया न.पा. वडा नं......(गाउँ/टोल) "र सबै भन्दा तल स्थापना बर्ष" २०...... "उल्लेख भएको हुनेछ ।

३. परिभाषाः

(क) "नगरपालिका" भन्नाले बारबर्दिया नगरनगरपालिकालाई सम्झनु पर्दछ ।

(ख) "समूह" भन्नाले वन्यजन्तु प्रभावित समुदायको जीविकोपार्जन सुधार धुम्ती कोष परिचालन समूह (गाउँ/टोल) लाई सम्झनु पर्दछ

(ग) " कार्यविधि" भन्नाले बारबर्दिया नगरपालिकाको वन्यजन्तु प्रभावित समुदायको जीविकोपार्जन सुधार घुम्ती कोष परिचालन कार्यविधि २०८० सम्झनु पर्दछ ।

(घ) "संचालक समिति" भन्नाले समूहको कार्यसमिति भन्ने सम्झिनु पर्दछ ।

(ङ) "कोष" भन्नाले समूहको नाममा रहेको जीविकोपार्जन सुधार घुम्ति कोष भन्ने सम्झनु पर्दछ ।

(च) "व्यावसायिक योजना" भनाले घुम्ती कोषबाट जीविकोपार्जनको लागि न्यूनतम व्याजदरमा ऋण लिएर संचालन गर्न सकिने समुदायबाट पहिचान भएका क्रियाकलापको योजना भन्ने सम्झनु पर्दछ ।

(छ) "हरित उद्यम" भन्नाले वन तथा कृषि क्षेत्रसंग सम्बन्धित सबै प्रकारको पेशा, व्यावसाय सम्झनु पर्दछ ।

बारबर्दिया नगरपालिका नगरकार्यपालिकाको कार्यालय जयनगर, बर्दिया लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख

(ज) " सहयोगि संस्था" भन्नाले समूहको घुम्ती कोष संचालनको लागि रकम उपलब्ध गराउने, समूहको स्वीकृत कार्यविधि र व्यवसायिक योजना बमोजिमका कार्यक्रम संचालनको लागि आर्थिक वा प्राविधिक सहयोग उपलब्ध गराउने संस्था भन्ने सम्झिनुपर्दछ ।

(झ) "कोष संचालक" भन्नाले समूहको संचालक समिति भन्ने सम्झनु पर्दछ ।

## परिच्छेद -२

## समूह र संचालक समिति गठन विधि

४. समूह गठन विधिः (१) बर्दिया जिल्ला बारबर्दिया नगरपालिका वडा नं. ......(गाउँ/टोल) गाउँमा स्थायी बसोवास भएका एक घरका एक व्यक्ति समूहको साधारण सदस्य हुनेछन ।

(२) समूहको साधारण सदस्यको भेलाले सर्वसम्मत वा बहुमतको आधारमा एक जना अध्यक्ष, एक जना उपाध्यक्ष, एक जना सचिव, एक जना कोषाध्यक्ष र सात (७) जना सदस्य रहेको संचालक समिति चयन गर्नेछ ।

(३) संचालक समितिका अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कुनै एक (१) पदमा अनिवार्य सहित तेत्तीस प्रतिसत (३३%) महिलाको प्रतिनिधित्व हुनु पर्नेछ ।

## परिच्छेद -३

## संचालक समितिको काम, कर्तब्य र अधिकार

५. संचालक समितिको काम, कर्तब्य र अधिकारः (१) संचालक समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) आफ्ना सदस्यहरुको आर्थिक अवस्था पहिचान गरी अनुसूची-१ को ढाँचामा सहभागितात्मक प्रायमिकता स्तरिकरण सूची तयार गर्ने, आवश्यक्ता अनुसार अद्यावधिक गर्ने ।

(ख) जीविकोपार्जन तथा आयआर्जनको लागि घुम्ती कोष स्थापना गरी परिचालन गर्ने ।

(ग) सहभागितामुलक सम्पन्नता स्तरीकरणको आधारमा जीविकोपार्जन तथा आयआर्जनको लागि ऋण उपलब्ध गराउने वा नगराउने निर्णय गर्ने ।

(घ) अनिवार्य रुपमा मासिक बैठक बसी कोषसंग सम्बन्धित विषयमा आवश्यक छलफल र निर्णय गर्ने ।

(ङ) ऋण लिएका सदस्यहरुबाट ऋणको किस्ता र ब्याज संकलन गरी विवरण अद्यावधिक गर्ने ।

(च) घुम्ती कोषको बार्षिक रुपमा लेखापरिक्षण गर्ने गराउने।

(छ) संचालक समितिका पदाधिकारी एवं साधारण सदस्यहरुका लागि क्षमता विकास तालिमको आयोजना गर्ने ।

(ज) संचालक समितिलाई आवश्यक्र राय, सुझाव उपलब्ध गराउनका लागि सल्लाहकार समिति गठन गर्नसक्ने ।

(झ) ऋण परिचालनको लागि व्यावसायिक योजना स्वीकृत गरेर कार्यान्वयन गर्ने गराउने ।

(ञ) बार्षिक प्रगति र लेखा परिक्षण प्रतिबेदन नगरपालिका र सहयोगि संस्थामा पेश गर्ने ।

(ट) नया आर्थिक बर्ष शुरु भएको ३ (तीन) महिना भित्र आफ्नो समूह नगरपालिकाबाट नविकरण गराउने ।

(ठ) नगरपालिका, निकुञ्ज कार्यालय, सहयोगि संस्थाबाट अनुगमन तथा मूल्याङ्कन गराउने ।

बारबर्दिया नगरपालिका नगरकार्यपालिकाको कार्यालय जयनगर, बर्दिया लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख

## परिच्छेद -४

### संचालक समितिको बैठक र पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

६. संचालक समितिको बैठक र पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(१) संचालक समितिको बैठक सामान्यतया महिनामा एक पटक अनिवार्य र आवश्यकता अनुसार सो भन्दा बढि पटक पनि बस्न सक्नेछ ।

(२) संचालक समितिको बैठक बस्न गणपुरक संख्या ७५ प्रतिशत हुनुपर्नेछ र ५१ प्रतिशत बहुमतबाट गरेको निर्णय मान्य हुनेछ ।

(३) संचालक समितिका पदाधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(अ) अध्यक्ष

(क) बैठकको अध्यक्षता गर्ने ।

(ख) बैठकमा उठेका विषयमा छलफल गराउने ।

(ग) निर्णय गर्नुपर्ने विषयमा मत बराबर भएमा निर्णायक मत दिने ।

(घ) आर्थिक कारोबार संचालन गर्ने ।

(ङ) नगरपालिका, निकुञ्ज कार्यालय र अन्य सरोकारवाला निकायसंग समन्वय एवं सहकार्य गर्ने ।

(च) संचालक समितिले तोकेका अन्य काम गर्ने ।

(आ) उपाध्यक्ष

(क) संचालक समितिको बैठकमा उपस्थित हुने ।

(ख) अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने ।

(ग) कोष संचालनको अवस्था अनुगमन गरी समूहमा आवद्ध भएका सदस्यलाई सहयोग गर्ने ।

(घ) संचालक समितिले तोकेका अन्य काम गर्ने ।

(इ) सचिव

(क) अध्यक्षको आदेशानुसार बैठक बोलाउने ।

(ख) बैठकको माइन्युट लेखन गर्ने ।

(ग) समूहको कार्यालय संचालन तथा सबै प्रशासनिक कार्य गर्ने ।

(घ) समूह र संचालक समितिका माइन्युट लगायत प्रशासनिक कागजातको जिम्मा लिने र सुरक्षित साथ राख्ने ।

(ङ) समूहका जिन्सी सामान र चल अचल सम्पत्तिको आम्दानी बाँध्ने र सुरक्षा गर्ने ।

(च) संचालक समितिले तोकेका अन्य कार्य गर्ने ।

(ई) कोषाध्यक्ष

(१) समूहको लेखा परिचालन तथा आम्दानी खर्चको हिसाब किताब राख्ने र कागजात जिम्मा लिइ सुरक्षित राख्ने।

(२) संचालक समितिको निर्णय अनुसार सदस्यहरुलाई ऋण दिने र तोकिएको समयमा ब्याज तथा किस्ता संकलन गर्ने ।

(३) वार्षिक रुपमा लेखापरिक्षण गराउने ।

(४) लेखा परिक्षण प्रतिवेदन नगरपालिका, निकुञ्ज कार्यालय र सहयोगि संस्थामा पठाउने ।

(५) संचालक समितिले तोकेका अन्य कामहरु गर्ने ।

नगर प्रमुख

(उ) सदस्य

(१) बैठकमा उपस्थित हुने ।

(२) छलफलमा भाग लिने ।

(३) निर्णय प्रकृयामा सहभागि हुने ।

(४) ऋण लगानी र असुलीमा सहजिकरण गर्ने ।

(५) संचालक समितिले तोके बमोजिमको जिम्मेवारी बहन गर्ने ।

## परिच्छेद -५
## कोष संचालन तथा ऋण प्रदान गर्ने प्रकृया

**७ .कोष संचालन तथा ऋण प्रदान गर्ने प्रकृया:** (१) समूहका नाममा बैंकमा घुम्ती कोष खाता खोली जिविकोपार्जन र आयआर्ज लागि नगरपालिका ,निकुञ्ज कार्यालय ,उपभोक्ता समिति वा अन्य स्रोतबाट प्राप्त हुने रकम सोही खातामा जम्मा गरी आर्थिक कारोबार संचालन गरिनेछ ।

)२ (घुम्ती कोष खोल्नको लागि न्यूनतम रु.१,००,०००।) एक लाख (रकम खामा जम्मा गर्नुपर्ने छ ।

(३) समूहले बैठकको निर्णय संलग्न राखी नगरपालिकाको सिफारीसमा बैंक खाता खोल्न सकिने छ ।

(४) समूहले प्रवाह गर्ने ऋण बापत आम्दानी हुने ब्याज रकम समेत सोही खातामा जम्मा हुनेछ । सो ब्याजबापत प्राप्त आम्दानीको ७५) पचहत्तर (प्रतिसत समूहको कोषमा जम्मा गर्ने र बाँकी रकम कार्यालय संचालन ,स्टेसनरी र प्रशासनिक कार्यमा खर्च गर्न सक्नेछ ।

**(५) कोषमा निम्नानुसारको रकम जम्मा गर्न सकिनेछ:**

(क) नगरपालिकाबाट उपलब्ध गराइएको रकम ।

(ख) निकुञ्ज वा उपभोक्ता समितिबाट उपलब्ध गराइएको रकम ।

(ग) सहयोगि सस्था वा निकायबाट उपलब्ध गराइएको रकम ।

(घ) सदस्यहरुले बचत गरेको रकम।

(ङ) ऋण लिएका सदस्यहरुबाट प्राप्त ब्याज रकम ।

(६)समूहले स्रोत जुटाएर आफ्नो कोष बृद्धि गर्दै जान सक्नेछ ।

**८. खाता एवं आर्थिक कारोबार संचालन:** (१) समूहको खाता संचालन एवं आर्थिक कारोबार अध्यक्ष र कोषाध्यक्षको संयुक्त दस्तखतमा संचालन गर्नुपर्नेछ ।

**९. ऋण उपलब्ध गराउन सक्ने:** (१) घुम्ती कोषबाट ऋण प्रवाह गर्दा देहायबमोजिमको प्रकृया अवलम्वन गर्नुपर्नेछ:

(क)जीविकोपार्जन तथा आयआर्जन सम्बन्धि काम गर्नका लागि ऋण लिन चाहने सदस्यले अनुसूची -२ को ढाँचामा दुइ जना सदस्यको सिफारिस सहित संचालक समितिमा निबेदन पेश गर्नुपर्नेछ ।समूहका साधारण सदस्य रहेका एक घरका एक जनाले मात्र ऋण लिन पाउनेछन ।

(ख)पेश हुन आएको निबेदन उपर संचालक समितिले आवश्यक छलफल गरी ऋण दिने वा नदिने निर्णय गर्नु पर्नेछ ।

(ग) ऋण मागपत्रमा निबेदक र सिफारिसकर्ताको सनाखत गराई सहभागितात्मक प्राथमिकता स्तरिकरण सूचीलाई आधार मानी प्राथमिकताका आधारमा आवश्यक जाँचबुझ गरी अनुसूची- ३ को ढाँचामा ऋण दिने वा नदिने निर्णय लेखन गर्नुपर्नेछ ।

बाणगंगा नगरपालिका नगरकार्यपालिकाको कार्यालय जयनगर, कपिलवस्तु लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख

(घ) ऋण उपलब्ध गराउँदा बार्षिक ६ प्रतिसत (६%) ब्याज दरमा हरेक तीन महिनामा किस्ता र ब्याज बापत बुझाउनुपर्ने रकम तोकेर सर्तनामा गराउनु पर्नेछ ।

(ङ) ऋण उपलब्ध गराउँदा निबेदनपत्रमा सिफारिस गर्ने दुइ जना सदस्यलाई साक्षी राखी अनुसूची-८ को ढाँचामा भरपाई गरी चेक मार्फत रकम उपलब्ध गराउनु पर्नेछ । ऋणीले ऋण भूक्तान नगरेसम्म साक्षी बस्ने सदस्यले ऋण पाउन सक्ने छैनन ।

(च) सामान्यतयाः प्राथमिकता स्तरिकरण सूचीका आधारमा सबै सदस्यले पालै पालो ऋण पाउनेछन । तर एकपटक लिएको ऋणको साँबा ब्याज चुक्ता नगरी अर्को पटक ऋण उपलब्ध गराइने छैन ।

(छ) जुन कामको लागि ऋण लिएको हो सोहि काममा प्रयोग गर्नुपर्नेछ । अन्य काममा प्रयोग गरेको वा दुरुपयोग गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाहि हुनेछ ।

## परिच्छेद -६

## विविध

**१०. संचालक समितिको कार्यकाल र बरबुझारथ सम्बन्धी व्यवस्था** (१) समूह दर्ता भएको मितिले छ (६) महिना भित्र साधारण सदस्यहरुको भेलाले संचालक समिति चयन गरिसक्नु पर्नेछ । शुरुको छ (६) महिनासम्म तदर्थ संचालक समितिले काम गर्न सक्नेछ ।

(१) कुनै पनि निर्णय गर्न साधारण सदस्यको ७५ प्रतिसत उपस्थिति र ५१ प्रतिसत बहुमत आवश्यक पर्नेछ । पहिलो पटक ७५ प्रतिसत उपस्थिति हुन नसकेमा त्यसपछि ५१ प्रतिसत उपस्थिति मान्य हुनेछ ।

(२) संचालक समितिका पदाधिकारीको कार्यकाल चार (४) बर्षको हुनेछ ।

(३) कुनै पनि कारणबाट संचालक समितिको कुनै पद बीचमा खाली भएमा साधारण सदस्यको भेलाले पदपूर्ति गर्नसक्नेछ ।

(४) संचालक समितिको कार्यकाल समाप्त भै वा बिघटन भै वा अन्य कारणबाट नया संचालक समिति गठन भएको तीस (३०) दिन भित्र नयाँ संचालक समितिले बिवरण नगरपालिकामा पेश गरी बिवरण अद्यावधिक गर्नु पर्नेछ ।

(५) उचित कारण सहित समूहमा आवद्ध साधारण सदस्यहरुको बहुमत संख्याले संचालक समितिका पुरै वा कुनै पनि पदाधिकारीलाई पदमुक्त गर्न नगरपालिकामा निबेदन गर्न सक्नेछन । नगरपालिकाले आवश्यक छानबिन गरी सदस्यहरुको सहभागितामा नया संचालक समिति गठन वा संचालक समितिका कुनै पदाधिकारी परिवर्तन गर्न सक्नेछ ।

(६) कार्यअवधि समाप्त भएको वा पदमुक्त भएको संचालक समिति वा पदाधिकारीले पन्द्र (१५) दिन भित्र आफ्नो जिम्मा रहेको नगदी, जिन्सी, कागजात लगायत सम्पूर्ण चिजबस्तु बरबुझारथ गर्नुपर्नेछ । बरबुझारथ नगरि कुनै हानी नोक्सानी हुन गएमा सरकारी बाँकी सरह अशुल उपर गरिनेछ ।

**११. समूह बिघटनः** (१) तोकिएको काम, कर्तब्य र अधिकार बिपरित गतिविधि र कार्य गरेका पाइएमा नगरपालिकाले समूह बिघटन गर्न सक्नेछ ।

(२) तर समूह बिघटन गर्नुपूर्व सफाई पेश गर्ने मौका दिनुपर्नेछ ।

**१२. समूहको व्यवसायिक योजना हुनेः** (१) समूहका सदस्यहरुको जीविकोपार्जन तथा आयआर्जनको लागि सहुलियत ब्याज दरमा ऋण परिचालन गर्न समूहमा आवद्ध भएका साधारण सदस्यहरुको आवश्यक्ताको आधारमा सहभागितामूलक व्यावसायिक योजना निर्माण गर्नु पर्नेछ ।

(२) व्यावसायिक योजनामा समूहका सदस्यहरुको छलफलबाट पहिचान भएका साना हरित उद्यम तथा क्रियाकलाप संचालन गर्ने बिषयका क्षेत्रहरु समावेश गरिनेछ । यस्तो व्यावसायिक योजना संचालक समितिले स्वीकृत गर्नसक्ने छ ।



नगर प्रमुख

(३) ऋण माग तथा परिचालन गर्दा अनुसूची-५ बमोजिमको ढाँचामा निर्माण गरिएको व्यवसायिक योजनामा समावेश भएका क्रियाकलाप भित्र रही गर्नुपर्नेछ ।

**१३ सेवा सुबिधा रोक्न सक्नेः** समूहबाट लिएको ऋण, साँवा, ब्याज नतिर्ने वा समूहको रकम हिनामिना गर्ने व्यक्तिको हकमा नगरपालिकाले अन्य सेवा सुबिधा समेत रोक्का गर्न सक्नेछ ।

**१४. नगरपालिकाको हुनेः** कुनै पनि कारणबाट समूह बिघटन भएमा समूहमा रहेको नगद, जिन्सी लगायत सम्पूर्ण सम्पति नगरपालिकाको हुनेछ ।

**१५. प्रचलित कानून बमोजिम हुनेः** (१) यो बिधानमा भएको व्यवस्था प्रचलित कानूनसंग बाझिएमा बाझिएको हदसम्म अमान्य र बदर भै प्रचलित कानून बमोजिम हुनेछ ।

तदर्थ संचालक समितिको बिवरणः

| क.सं. | पद | नाम थर | ठेगाना / सम्पर्क नंबर | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | अध्यक्ष | | | |
| २ | सचिव | | | |
| ३ | कोषाध्यक्ष | | | |
| ४ | सदस्य | | | |
| ५ | सदस्य | | | |
| ६ | सदस्य | | | |
| ७ | सदस्य | | | |
| ८ | सदस्य | | | |
| ९ | सदस्य | | | |
| १० | सदस्य | | | |
| ११ | सदस्य | | | |

बारबर्दिया नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
बर्दिया
लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख

# अनुसूची-१

## सहभागितात्मक प्राथमिकता सूची स्तरिकरणको ढाँचा

कुल पूर्णाङ्कः १००

(क) वन्यजन्तुको आक्रमणमा परी परिवारको सदस्यको मृत्यु भएकोः १५

(ख) वन्यजन्तुको आक्रमणमा परी परिवारका सदस्यको अङ्गभङ्ग भएकोः १०

(ग) बिगत ३ बर्ष यता वन्यजन्तुको आक्रमणमा परी उपचार खर्च पाएकोः ७

(घ) बिगत ३ बर्ष यता वन्यजन्तुबाट घर क्षति वा भण्डारण गरेको अन्न क्षेति भएकोः ५

(ङ) बिगत ३ बर्ष यता वन्यजन्तुबाट भैंसी, रौंगा मारेकोः ५

(च) जंगलको किनारमा जग्गा जमिन भएकोः ६

(छ) जंगलको किनारमा घर भएकोः ५

(ज) बर्षभरी खान पुग्नेः २

(झ) ६ महिना सम्म खान पुग्नेः ५

(ञ) ६ महिना भन्दा कम खान पुग्नेः ८

(ट) ढलान वा जस्तापाताको घर भएकोः ५

(ठ) कच्ची घर भएकोः ७

(ड) परिवारका सदस्य CBAPU/RRT) को सदस्य भएकोः ५

(ढ) संचालक समितिले सदस्यको आर्थिक अवस्था हेरी समीतीको निर्णय बमोजिम : १५

सहभागितात्मक प्राथमिकता सूची स्तरिकरण

जिल्ला: पालिका: वडा नं. गाउँको नाम: उपभोक्ता समितिको नाम:

| क.स. | घरमुलीको नाम र परिवार संख्या | | | | शैक्षिक अवस्था | | | | | पेशा | | | | | | | स्तरिकरणको आधारमा प्राप्ताङ्क | | | | | | | | | | | | | प्राथमिकता स्तर | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ | ३० | ३१ | ३२ |
| | नाम थर | महिला | पुरुष | जम्मा | निरक्षर | साक्षर | १० कक्षा सम्म | १२ कक्षा सम्म | उच्च शिक्षा | कृषि, पशुपालन | मजदुरी | सरकारी नोकरी | गै.स./निजी क्षेत्र नोकरी | वैदेशिक रोजगार | व्यापार | अन्य | क | ख | ग | घ | ङ | च | छ | ज | झ | ञ | ट | ठ | ड | कुल अङ्क | स्तर |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

बारबर्दिया नगरपालिका नगरकार्यपालिकाको कार्यालय जयनगर, बर्दिया लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख

अनुसूची-२

ऋण मागपत्रको ढाँचा

श्री अध्यक्ष ज्यू
वन्यजन्तु प्रभावित समुदायको जीविकोपार्जनका लागि घुम्ती कोष समूह ……… (गाउँ /टोल)
बारबर्दिया नगरपालिका वडा नं….., बर्दिया

विषयः ऋण पाउँ भन्ने बारे ।

महोदय,

उपरोक्त विषयमा म वन्यजन्तु प्रभावित समुदायको जीविकोपार्जनका लागि घुम्ती कोष समूह ..(गाउँ/टोल) को सदस्य हुँ। मलाई निम्न व्यवसाय संचालन गर्नको लागि ऋण आवश्यक परेको हुँदा वन्यजन्तु प्रभावित समुदायको जीविकोपार्जनका लागि घुम्ती कोषबाट सहुलियत ऋण उपलब्ध गराइ पाउँ भनी यो निबेदन पेश गर्दछु ।

निबेदकः
नाम थरः
सदस्यता क्रमसंख्याः
सहभागितात्मक प्राथमिकता सूची स्तरिकरणको स्तरः
ऋणको प्रयोजनः
माग गरेको रकम रु.
ऋणको अवधिः
हस्ताक्षरः
मितिः

निजलाई सहुलियत ऋण उपलब्ध गराएमा फरक पर्ने छैन । निजले लिएको ऋण साँवा ब्याज सहित भूक्तान नभएसम्म ऋण माग गर्ने छैन भनी सिफारिस गर्ने सदस्यहरुः
नाम थरः
सदस्यता क्रमसंख्याः
सहभागितात्मक प्राथमिकता सूची स्तरिकरणको स्तरः
हस्ताक्षरः
मितिः

नाम थरः
सदस्यता क्रमसंख्याः
सहभागितात्मक प्राथमिकता सूची स्तरिकरणको स्तरः
हस्ताक्षरः
मितिः

बारबर्दिया नगरपालिकाको नगरकार्यपालिकाको कार्यालय जयनगर, बर्दिया लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख

## अनुसूची-३

### संचालक समिति बैठक निर्णय र निर्णयको ढाँचा

आज मिति ..... का दिन वन्यजन्तु प्रभावित समुदायको जीविकोपार्जनका लागि घुम्ती कोष समूह ......(गाउँ/टोल) को संचालक समितिको बैठक अध्यक्ष श्री .....को अध्यक्षतामा बस्यो । उपस्थिति र निर्णय देहाय बमोजिम छः

उपस्थितिः

अध्यक्ष श्री...

उपाध्यक्ष श्री

सचिव श्री

कोषाध्यक्ष श्री

सदस्य श्री ...

सदस्य श्री.....

ऋण मागपत्रको व्यहोराः

वन्यजन्तु प्रभावित समुदायको जीविकोपार्जनका सुधार समूह सदस्यता क्रम संख्या .... भएका श्री ..... ले ........... कार्य गर्नको लागि ऋण माग गरेको हुँदा निजको निवेदन सम्बन्धमा जाँच बुझ गर्दा देहाय बमोजिम अवस्था रहेको पाइयोः

१. निवेदनमा उल्लेख भए अनुसार जीविकोपार्जन गर्ने निजको सकृयता सम्बन्धमाः

२. निजले ऋण सदुपयोग गरी आय आर्जन गर्ने विश्वासनियता सम्बन्धमाः

३. निजले गर्न चाहेको कामको जोखिम र प्राप्त हुने उपलब्धि सम्बन्धमाः

४. निजका घरपरिवारको राय सुझाव र प्रतिकृया सम्बन्धमाः

निर्णयको व्यहोराः

१. निजलाई ऋण उपलब्ध गराउन मुनाशिव छ छैन भन्ने सम्बन्धमाः

२. ऋण उपलब्ध गराउने भए कति ऋण उपलब्ध गराउने भन्ने सम्बन्धमाः

३. ऋणको अवधि सम्बन्धमाः

ऋण समितिका पदाधिकारीहरुको हस्ताक्षर र मितिः

नगर प्रमुख

## अनुसूची-४

### ऋण बुझेको भरपाईको ढाँचा

भरपाई दादै जिल्ला बारबर्दिया नगरपालिका वडा नं. ..... (गाउँ/टोल) बस्ने वन्यजन्तु प्रभावित समुदायको जीविकोपार्जन सुधार समूहको सदस्यता क्रमसंख्या ..... भएको म ... आगे मैले ................प्रयोजनका लागि समूहबाट ...... बैंक ..... शाखाको चेक नं.......बाट रु.......बुझिलिएँ ।सो ऋण रकम मैले तोकेको काममा खर्च गरी तोकेको समयमा साँवा ब्याज बुझाउनेछु ।

हस्ताक्षरः दायाँ बायाँ

मितिः

साक्षी

हामीले सिफारिस गरे बमोजिम श्री....ले ऋण बापत रु......को चेक बुझेको सत्य हो । निजले उक्त ऋणको साँवा, ब्याज सहित भूक्तानी नगरसम्म ऋण माग गर्ने छैनौ भनी सहि छाप गरिदियौं ।

नाम थरः
सदस्यता क्रमसंख्याः
सहभागितात्मक प्राथमिकता सूची स्तरिकरणको स्तरः
हस्ताक्षरः
मितिः

नाम थरः
सदस्यता क्रमसंख्याः
सहभागितात्मक प्राथमिकता सूची स्तरिकरणको स्तरः
हस्ताक्षरः
मितिः

नगर प्रमुख

बारबर्दिया नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
जयनगर, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल

अनुसूची- ५

व्यावसायिक योजनाको ढाँचा

| क.स. | क्रियाकलाप | संख्या | मुल्य प्रति ईकाइ रु. | जम्मा लागत रु. | | प्रस्तावित ऋण चुक्ता वा किस्ता तिर्ने म्याद | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | लाभार्थीको लगानी रु. | उप समितिबाट माग गरिएको ऋण रकम रु. | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

नगर प्रमुख

बारबर्दिया नगरपालिका नगरकार्यपालिकाको कार्यालय जयनगर, बर्दिया लुम्बिनी प्रदेश, नेपाल